रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ | भागः २ | मितिः २०८०/०५/२५

## भाग-२
## रोशी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रोशी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८० सालको कार्यविधि नं: ४

**रोशी गाउँपालिकाको**

**[*]बुद्धचित्त फलदाना बिक्री तथा व्यवस्थापन कार्यविधि, दोश्रो संशोधन, २०८०**

**प्रस्तावनाः**

* रोशी गाउँपालिका क्षेत्र भित्र उत्पादन हुने बुद्धचित्त फल दानाको बिक्री वितरण प्रकृयालाई सरल, सहज र विवाद रहित बनाई फलदानाको कारोवारलाई पारदर्शी र व्यवस्थित बनाई गाउँपालिकाको करको दायरामा ल्याउनको लागि बुद्धचित्त फलदाना बिक्री तथा व्यवस्थापन कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले, रोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी रोशी गाउँपालिकाले बुद्धचित्त फलदाना बिक्री तथा व्यवस्थापन कार्यविधि, २०८० जारी गरेको छ।

---

[*] दोस्रो संशोधन, २०८०

## परिच्छेद : – १ (एक)

### १. संक्षिप्त नाम र प्रारंम्भः

क. *यो कार्यविधिको नाम "बुद्धचित्त फल दाना बिक्री तथा *व्यवस्थापन कार्यविधि, २०८०" रहनेछ।

ख. यो कार्यविधि तत्काल लागु हुनेछ।

### २.परिभाषाः

क. *" अध्यक्ष" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको अध्यक्षलाईसम्झनुपर्छ ।

ख. *"उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको उपाध्यक्षलाईसम्झनुपर्छ ।

ग. *"कार्यविधि" भन्नाले "बुद्धचित्त फल दाना बिक्री तथा व्यवस्थापन कार्यविधि, २०८० लाई सम्झनुपर्छ।

घ. "गाउँपालिका" भन्नाले रोशी गाउँपालिकालाई सम्झनुपर्छ।

ङ. *"न्यायिक समिति " भन्नाले रोशी गाउँपालिकाको न्यायिक समितिलाई सम्झनुपर्छ।

च. *"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

छ. *"बुद्धचित्त फल दाना" भन्नाले कृषि उत्पादन बाट प्राप्त हुने कृषि उपजलाई सम्झनुपर्छ।

ज. * "वडा अध्यक्ष" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको वडा अध्यक्षलाईसम्झनुपर्छ ।

झ. * "वडा कार्यालय" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको वडा कार्यालयलाई सम्झनुपर्छ।

ञ. "स्थानीय तह" भन्नाले रोशी गाउँपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद :– २ दुईः

### ३ . *"बुद्धचित्त फल दाना बिक्री सम्बन्धी व्यबस्था"

३.१ आफ्नो वडा क्षेत्रमा रहेको बुद्धचित्त फल दानाको बोटको वडा कार्यालयले प्रत्येक बर्षको बैशाख मसान्तभित्र सर्वेक्षण गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्ने छ र उक्त सर्वेक्षण अनुरुप वडा कार्यालयमा बुद्धचित्त फल दानाको बिक्री गर्नका लागि सम्झौता भए नभएको वडा कार्यालयले अनुगमन गर्नु पर्नेछ।

३.१.२ गाउँपालिका क्षेत्रभित्र बुद्धचित्त फल दानाको उत्पादन गरी खरिद बिक्री गर्न चाहने व्यक्ति वा संस्थाले आफूले खरिद बिक्री गर्नु पूर्व उत्पादित फलदानाको वास्तविक धनी,उत्पादन स्थल ,बिक्री गरिने परिणाम र किन्ने व्यक्ति वा संस्थाको ठेगाना र मूल्य खुलेको विवरण सहित क्रेतासँगको सम्झौता वडाध्यक्षको रोहवरमा अनुसुची - २ बमोजिम गर्नुपर्नेछ।

---

* दोस्रो संशोधन, २०८०

* दोस्रो संशोधन, २०८०

३.१.३ दफा३को उपदफा१(२) वमोजिम भएको सम्झौताको प्रतिलिपि  वडा कार्यालयले तीन दिन भित्र गाउँपालिकामा सूचिकृत गर्नु पर्नेछ र यसरी सबै वडाबाट प्राप्त भएका अनुसूची-३ को विवरण एकिकृत गरी फूल फूल्नेदेखि फलदाना टिप्ने अवधिसम्म गाउँपालिकाले सुरक्षाका लागि जिल्ला स्थानिय प्रशासनमा  पत्राचार गर्नु पर्नेछ।

३.१.४ बुद्धचित्त फल दानाको खरिद बिक्री गर्नु पूर्व गाउँपालिकाका अतिरिक्त प्रचलित कानुन बमोजिम तोकिएको अन्य निकायबाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायबाट समेत अनुमति लिनुपर्ने दायित्व सम्बन्धित बुद्वचित्त फल दाना धनी वा व्यवसाय सञ्चालन गर्ने व्यक्तिको हुनेछ।

३.१.५ आफ्नो वडा क्षेत्रमा रहेको बुद्धचित्त फल दानाको बोटको बुद्धचित्त फलदाना संकलन गर्दा  वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिको प्रत्यक्ष निगरानीमा हुनुपर्ने व्यवस्था वडा कार्यालयले गर्नु पर्नेछ।

३.१.६ बुद्वचित्त फलदाना निकासी गर्दा सम्बन्धित वडा कार्यालयमा सहजीकरण शुल्क तिरेको रसिद सहित सो फलदाना कुन व्यक्तिको रुखबाट बिक्री भएको हो र कहाँसम्म निकासी हुने हो र सो फल दाना तीन दिन भित्र सम्बन्धित धनीले निकासी गर्ने गरी स्पष्ट विवरण सहित वडा कार्यालयले सिफारिस गर्नु पर्ने छ।

## परिच्छेदः – ३ (तीन)

## ४. बुद्वचित्त फल दाना खरिद बिक्रीको सम्झौताका लागि दरखास्त दिने व्यवस्थाः

४.१ *गाउँपालिका क्षेत्रभित्र बुद्वचित्त फल दाना खरिद बिक्री गर्न चाहने व्यक्ति वा संस्थाले देहायका विवरण तथा कागजात समेत संलग्न गरी अनुसूची -१ बमोजिम सम्बन्धित वडा कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(क) बुद्वचित्त फल दाना धनीको नेपाली नागरिकताको प्रतिलिपि तथा एक भन्दा वढी हकवाला भए सम्पूर्ण हकवालाको नेपाली नागरिकताको प्रतिलिपि र क्रेताको नेपाली नागरिकताको प्रतिलिपि,

(ख) बुद्वचित्त फल दाना धनीको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि वा संयुक्त हकवाला भए संयुक्त हकको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि,

(ग) जग्गा रहेको स्थानको नक्सा र नापीले उक्त जग्गामा नै बोट रहेको यकिन गरेको पत्र,

(घ) खरिद बिक्री गर्न लागिएको बोटहरुको तस्वीर,

(ङ) विक्रेता संस्थाको हकमा नविकरण गरेको प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर,

(च) क्रेताले व्यवसाय संचालन गर्न सम्वन्धित निकायबाट लिएको अनुमति पत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर र आर्थिक श्रोत खुल्ने विवरण,

(छ) कम्पनी वा संस्थागत बाहेक व्यक्तिगत रुपमा गरेको खरिद बिक्रीमा व्यक्तिगत विवरण सबै खुलाउने,

४.२ *उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि वडा कार्यालयले  सो उपर आवश्यक जाँचबुझ गरी आर्थिक ऐनमा तोकिए बमोजिमको सहजीकरण शुल्क लिई सम्झौता गर्न सहजीकरण गर्नेछ।

४.३ *उपदफा (२) बमोजिम जाँचवुझ गर्दा उक्त जग्गाको  स्वामित्वमा विवाद भएमा वडाको सिफारिसमा हकदार कायम गरी सम्झौता गर्न गाउँपालिकाले सहजीकरण गर्नेछ।

---

* दोस्रो संशोधन, २०८०

* दोस्रो संशोधन, २०८०

४.३.१ * उपदफा (२) सार्वजनिक जग्गामा बुद्धचित्त फल दानाको बोट रहेको ठहरीएमा उक्त जग्गामा फलेको फल गाउँपालिकाको निगरानीमा टिप्न लगाइ गाउँपालिकाले सूचना प्रकाशन गरी प्रतिस्पर्धाको माध्यमबाट बिक्री वितरण गर्नेछ।

४.४ * उपदफा (३) बमोजिम बुद्वचित्त फल दानाको सम्झौता भएपछि वडा कार्यालयले अनुसूची–३ बमोजिमको दर्ता किताबमा उल्लेख गरी लगत कायम गर्नेछ।

## ५. सम्झौता कायम रहने सम्बन्धी व्यवस्था:

५.१ *वार्षिक रुपमा बुद्वचित्त फल दानाको बिक्री वितरण शुरु गर्नु पूर्व सम्बन्धित वडा कार्यालयको रोहवरमा सम्झौता गर्नुपर्ने छ। एक बर्ष भन्दा बढी अबधीको लागि सम्झौता गरे पनि वार्षिक रुपमा दुबै पक्ष वडा कार्यालयमा आई सो वर्ष फलेको फलदानाको लागि मात्र सहजीकरण शुल्क बुझाउनु पर्ने छ।

५.२ *अनुमति नलिइ बिक्री वितरण गरेको एवं एउटा जग्गाको पुर्जा देखाइ अन्यत्रको बिक्री वितरण गरेको तथा एक पक्षले खरिद सम्झौता गरेको अर्कैले बिक्री गरेको पाईएमा गाउँपालिकाले जुन सुकै बखत कारबाहीका स्थानिय प्रशासनलाई ठगी तथा जालसाझीको कार्वाहीको लागि सिफारिस गर्ने छ।

५.३ वडा कार्यालयले कुनै एक पक्षसंग सम्झौता भएपछि अर्को व्यक्ति वा संस्था संग सम्झौता नहुने कुराको सुनिश्चितता गराउनु पर्नेछ।

५.४ * सम्झौता भएपछि उक्त स्थलको सुरक्षा व्यवस्था मिलाउने दायित्व वडा कार्यालय एवं गाउँपालिकाको हुनेछ। वडा कार्यालय एवं गाउँपालिकाले सुरक्षा निकायसंग सुरक्षाको व्यवस्था गर्दा सुरक्षाकर्मीको दैनिक खाना तथा खाजा तथा आवासको व्यवस्था सम्वन्धित धनिले गर्नुपर्ने छ।

५.५ बुद्वचित्त फल दाना धनीले एकपक्षसँग सम्झौता गरिसकेपछि मोलाहिजामा परी अर्को पक्षसँग सम्झौता गरेको पाइएमा उक्त ब्यक्तिसँगको सम्झौता स्वत रद्द हुनेछ।

५.६ * बुद्वचित्त फल दाना वडा कार्यालयको रोहवरमा सम्झौता नगरी सहजीकरण शुल्क समेत नतिरी अनाधिकृत रुपमा ओसारपसार गरेमा सुरक्षाकर्मीले सो फलदाना जफत गरी रोशी गाउँपालिकाको कार्यालयमा बुझाउनुपर्नेछ। गाउँपालिकाको कार्यालयले बुद्वचित्त फल दाना प्रचलित मूल्य अनुसार रकम (बिक्री) निर्धारण गरी सोको दश प्रतिशत दण्ड जरीवाना लिई धनीलाई फल दाना फिर्ता दिने छ। यसरी जफत गरेको फलदाना धनिले फिर्ता लिन नआएमा गाउँपालिकाले प्रतिस्पर्धाको माध्यमबाट बिक्री वितरण गर्नेछ।

५.७ *बुद्वचित्त फल दाना जुनसुकै स्थानबाट ल्याए पनि रोशी गाउँपालिकाको क्षेत्र भित्र जफत गरिएको फल दानाको सन्दर्भमा दफा ५ को उपदफा (६) बमोजिम हुनेछ।

५.८ *बुद्वचित्त फल दाना खरिद बिक्री गर्दा समस्या परेमा सम्बन्धी स्यानीय तहको न्यायिक समितिमा उजुर गर्न सक्ने छ।

---

* दोस्रो संशोधन, २०८०

## अनुसूची:– १

## दफा ४ को उपदफा (१) सँग सम्बन्धित

## बुद्धचित्त फल दाना खरिद/बिक्रीको लागि निवेदन

श्रीमान् वडाध्यक्ष ज्यू ,
वडा नं. ……. , रोशी गाउँपालिका,
काभ्रेपलान्चोक ।

विषय - बुद्धचित्त फल दाना खरिद बिक्री सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा खरिद बिक्री गर्न लागेको बुद्धचित्त फल दानाको कारोवारको लागि आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियमानुसार लाग्ने सहजिकरण शुल्क बुझाउनुको साथै यस रोशी गाउँपालिकाबाट समय–समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानुन बमोजिम कार्बाही भएमा मञ्जुर छु/छौं ।

१. बिक्री कर्ताको नाम थर ………………….. . जिल्ला …………… गा.पा. ……………..वडा नं. .. ….. सम्पर्क फोन नं ……………… ………
२. खरिद कर्ताको नाम थर ………………….. . जिल्ला …………… गा.पा. ……………..वडा नं. .. ….. सम्पर्क फोन नं ……………………

३.पेशाः …………
४. बुद्धचित्त फल दानाको बोट रहेको ठेगानाः वडा नं. …..जग्गाको कित्ता नं. … बोट संख्या ……
५. आवश्यक कागजातहरु
क) नागरिकताको प्रतिलिपि ख) कम्पनी फर्म भएमा इजाजत प्रमाण पत्र
ग) आन्तरिक राज्श्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि घ) जग्गा धनीप्रमाणपत्रको प्रतिलिपि

**निवेदकको दस्तखत**
नाम थर ……….
मिति ………….

**अनुसूची :– २**

**परिच्छेद: – २ को दफा ३(१)(२) संग सम्बन्धित**

## सम्झौता पत्र

यस रोशी गाउँपालिका वडा नं........निवासी बुद्धचित्त फल दाना धनी श्री .....................(प्रथम पक्ष भनिने) र .................गाउँ/नगरपालिका निवासी क्रेता श्री ...........................(.द्वितीय पक्ष भनिने ) बीच प्रथम पक्षको जग्गामा रहेको बुद्धचित्त फल दाना तपशिल बमोजिमको शर्तहरुमा खरिद/बिक्री गर्न सहमत भई रोशी गाउँपालिको वडा नं. .......का वडाध्यक्ष श्री ..................................... को रोहवरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौ/दियौं ।

**शर्तहरु**

१. बुद्धचित्त फल दानाको फल उत्पादन स्थलबाट टिप्दा वा बिक्री गर्दा वडा कार्यालयको वा गाउँपालिकाको रोहबरमा मात्र टिप्नु वा बिक्री वितरण गर्नु पर्नेछ ।

२. यो सम्झौता भएको ........ दिन/महिना भित्र प्रथम पक्षको बुद्धचित्त फल दाना द्वितिय पक्षले उत्पादन स्थलबाट लगि सक्नु पर्नेछ ।

३. प्रथम पक्षबाट द्वितीय पक्षलाई बिक्री गरिसकेको बुद्धचित्त फल दाना उत्पादन स्थलबाट नै पुन अर्को तेस्रो पक्षलाई दोस्रो पक्षले पुनः बिक्री गर्नु परेमा पुनः कार्यविधि बमोजिमको सम्झौता गरी बिक्री मूल्यको रकममा ५ प्रतिशत सहजीकरण शुल्क असुल हुनेछ । यदि त्यसो नगरिएको पाईएमा गा.पा./वडा कार्यालयबाट उक्त बुद्धचित्त फल दानालाई प्रशासनको सहयोगमा नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि स्थानिय प्रशासन कार्यालयमा सिफारिस गर्नेछ ।

४. करार सम्झौता बमोजिम बिक्री भईसकेको बोधिचित्तको बुद्धचित्त फल दाना रहेको स्थलमा दुबै पक्षबाट कुनै पनि किसिमको अवान्छित कृयाकलाप गर्ने छैन । यदि कसैले गरेको पाइएमा सोको जानकारी वडा कार्यालय/गाउँपालिका वा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने कार्य दुबै पक्षको दायित्व हुनेछ । अन्यथा आवश्यक सुरक्षाको प्रबन्ध गर्न गाउँपालिका बाध्य हुने छैन ।

५. आजको मिति बाट दुबै पक्षले यो करारनामा अनुसार बुद्धचित्त फल दाना विक्री तथा व्यवस्थापन कार्यविधि,२०७६ लाई पालन गर्न मन्जुर भएको हुँदा यदि कुनै पक्षबाट सोको उल्लंघन भएमा कानुन बमोजिम कारबाही भोग्नको लागि दुबै पक्ष मन्जुर छौं ।

६. गाउँपालिकाले तोकेको सहजीकरण शुल्क र अन्य निकायले तोकेको शुल्क बिक्री गर्ने पक्षले तिर्नुपर्नेछ ।

७. बुद्धचित्त फल दानाको व्यवसाय सञ्चालन गर्नुपूर्व प्रचलित कानुन बमोजिम तोकिएको निकायबाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायबाट समेत अनुमति लिनुपर्ने दायित्व बुद्धचित्त फल दाना धनी तथा व्यवसाय सञ्चालन गर्ने व्यक्ति दुवैको हुनेछ ।

८. प्रथम पक्षको देहायको .ठेगानामा रहेको बुद्धचित्त फल दाना रु. .......................(अक्षेरुपि .................) मा खरिद गर्न दोस्रो पक्ष सहमत हुनेछ ।

(क) रोशी गाउँपालिका वडा नं. ...... साविक.........गाविसको कित्ता नं. ........मा रहेको ............बोटको मूल्य रकम..................।

(ख) रोशी गाउँपालिका वडा नं. ...... साविक.........गाविसको कित्ता नं. ........मा रहेको ............बोटको मूल्य रकम..................।

(ग) रोशी गाउँपालिका वडा नं. ...... साविक..........गाविसको कित्ता नं. ........मा रहेको ............बोटको मूल्य रकम..................।

**ईति सम्बत २०८० साल ............महिना ..........गते रोज .....शुभम् ।**

| **प्रथम पक्ष** | **रोहवर** | **द्वितीय पक्ष** |
|---|---|---|
| हस्ताक्षर ............. | हस्ताक्षर ............. | हस्ताक्षर............. |
| | **वडाध्यक्ष** | |
| | नाम श्री .................. | |

## अनुसूची : – ३

### कार्यविधिको परिच्छेद – ३ को दफा ४(४) संग सम्बन्धित

| सि.नं. | धनिको नाम | क्रेताको नाम | बुद्धचित्त फल दाना रहेको स्थान | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

आज्ञाले
राम बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत